गर्ने होऊन्। यही कोश अक्षय हो। यसलाई जति खर्च गरेपनि बढ्दैजान्छ। अरू सबै कोश खर्च गर्दा घट्दै जान्छन् र अंशियार पनि आफ्नो भाग लिन्छन्। विद्याकोशलाई चोर्न वा भागबण्डा लगाउन कसैले सक्तैन। राजा र प्रजा सबैले विशेषगरी यसकोशलाई रक्षा र वृद्धि गर्नुपर्छ।

**कन्यानां सम्प्रदानं च कुमाराणां च रक्षणम्॥**

—मनु० ७।१५२

उक्त समयदेखि उक्त समयसम्म सबै केटा र केटीलाई ब्रह्मचर्यमा राखेर विद्वान् गराउनु राजाको कर्तव्य हो। यस आज्ञालाई नमान्नेका आमा बाबुलाई दण्ड दिनुपर्छ अर्थात् राजाका आज्ञाले आठवर्षपछि केटा केटी कसैका घरमा रहन नपाऊन्, उनीहरू आचार्य्यकुलमै रहून्। समावर्तनको समय नआएसम्म विवाह हुन नपाओस्।

**सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते।**
**वार्यन्नगोमहोवासस्तिलकाञ्चनसर्पिषाम्॥**

—मनु० ४।२३

जल, अन्न, गाई, पृथ्वी, वस्त्र, तिल, सुवर्ण र घृत (घ्यू) आदि संसारमा भएका समस्तदान भन्दा वेदविद्या दान अतिश्रेष्ठ हुन्छ। यसकारण विद्यावृद्धिका लागि तन, मन,धनले सकभर बढी प्रयत्न गर्नुपर्छ। जुन देशमा यथायोग्य ब्रह्मचर्य, विद्या र वेदोक्त धर्म प्रचार हुन्छ, त्यही देश सौभाग्यशाली हुन्छ।

यो ब्रह्मचर्याश्रम शिक्षा संक्षेपमा लेखियो। यसपछि चौथो समुल्लासमा समावर्तन, विवाह र गृहाश्रम शिक्षा लेखिन्छ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे**
**सुभाषविभूषिते शिक्षाविषये**
**तृतीयः समुल्लासः सम्पूर्ण॥ ३॥**



PDFill PDF Editor with Free Writer and Tools

# अथ चतुर्थ–समुल्लासः

## अथ समावर्त्तन–विवाह–गृहाश्रमविधिं वक्ष्यामः

**वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम्।**
**अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममाविशेत्॥ १॥**

—मनुस्मृति ३।२

ब्रह्मचर्यकालमा यथावत् आचार्य अनुकूल व्यवहार गरेर धर्मपूर्वक चारै, तीन, दुई अथवा एक वेद साङ्गोपाङ्ग पढेर ब्रह्मचर्य खण्डित नभएका पुरुष वा स्त्रीले गृहाश्रममा प्रवेश गर्नुपर्छ।

**तं प्रतीतं स्वधर्मेण ब्रह्मदायहरं पितुः।**
**स्रग्विणं तल्प आसीनमर्हयेत् प्रथमं गवा॥ २॥**

—मनुस्मृति ३।३

स्वधर्म अर्थात् यथावत् आचार्य र शिष्य धर्मयुक्त पिता, जनक वा अध्यापकबाट ब्रह्मदाय अर्थात् वेदाध्ययनरूप अंश प्राप्त गर्ने र माला धारण गर्ने ब्रह्मचारीले सर्वप्रथम आसनमा विराजमान आफ्ना आचार्यलाई गाईदानद्वारा सत्कार गर्नुपर्छ। यस्तै लक्षणयुक्त विद्यार्थीलाई पनि कन्याका पिताले गाईदानद्वारा सत्कार गर्नुपर्छ।

**गुरूणानुमतः स्नात्वा समावृत्तो यथाविधि।**
**उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम्॥ ३॥**

—मनुस्मृति ३।४

गुरुको आज्ञाले स्नान गरेर, नियमपूर्वक गुरुकुलबाट आएर ब्राह्मण, क्षत्रिय र वैश्यले आफ्नो वर्ण अनुकूल सुन्दर लक्षण भएकी कन्यासँग विवाह गर्नुपर्छ।

**असपिण्डा च या मातुरसगोत्रा च या पितुः।**
**सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने॥ ४॥**

—मनुस्मृति ३।५

आमा कुलको छ पिंढीभित्र नभएकी र बुबाको गोत्र नभएकी कन्यासँग विवाह गर्नु उचित हुन्छ।

यसको प्रयोजन यो हो कि—

**परोक्षप्रिया इव हि देवाः प्रत्यक्षद्विषः ॥**

—शतपथ तु०श०ब्रा० ६।१।२ गो०ब्रा०पू० १।१॥

जस्तो परोक्ष पदार्थमा प्रीति हुन्छ, त्यस्तो प्रत्यक्षमा हुन्न भन्ने कुरा निश्चित छ। जस्तै कसैले मिश्रीको गुण सुनेको छ तर चाखेको छैन भने उसको मन त्यसैमा लागिरहन्छ। जसरी कुनै परोक्ष वस्तुको प्रशंसा सुनेर प्राप्त गर्ने उत्कट इच्छा हुन्छ, त्यस्तै टाढाकी अर्थात् आफ्नो गोत्र र आमाको कुलमा निकट सम्बन्ध नभएकी कन्यासँग वरको विवाह हुनुपर्छ।

**नजिक र टाढा विवाह गर्न यी गुण र अवगुण हुन्छन्—**

**पहिलो**—बाल्यावस्थामा नजिक रहने केटा–केटी परस्पर क्रीडा, लडाइ र प्रेम गर्ने, एकअर्काका गुण, दोष, स्वभाव वा बाल्यावस्थाका विपरीत आचरण जान्ने र नांगै पनि एकअर्कालाई देख्ने हुन्छन्, तिनको परस्पर विवाहहुँदा प्रेम कहिल्यै हुन सक्तैन।

**दोस्रो**—जसरी पानीमा पानी मिसिदा कुनै विलक्षण गुण हुँदैन,त्यस्तै एउटै गोत्र, पितृकुल वा मातृकुलमा विवाह हुँदा धातुको अदला–बदली नहुने हुँदा उन्नति हुँदैन।

**तेस्रो**—जसरी दूधमा मिश्री वा सुंठो आदि औषधी मिलेको हुँदा दूध उत्तम गुणयुक्त हुन्छ त्यस्तै छुट्टै गोत्रका मातृकुल वा पितृकुलमा नपर्ने स्त्री–पुरुष विवाह हुनु उत्तम हुन्छ।

**चौथो**—जसरी एउटा ठाउँको रोगी अर्को ठाउँमा हावापानी र खानपान बदल्दा रोग रहित हुन्छ, त्यस्तै टाढा बस्नेहरूसँग विवाह हुनु उत्तम हुन्छ।

**पाँचौं**—नजिक सम्बन्ध हुँदा एकअर्काको नजिक हुनाले सुख, दुःखको प्रतीति र विरोध पनि हुन सक्छ, टाढा गर्दा त्यस्तो हुँदैन। टाढा विवाह गर्दा प्रेमको डोरी टाढासम्म झन् लम्बिदै जान्छ भने नजिक विवाह गर्दा यस्तो हुँदैन।

**छैठौं**—टाढा–टाढाका समाचार र पदार्थहरू प्राप्त पनि टाढा सम्बन्ध हुँदा सहजै हुन सक्छ भने निकट विवाह हुँदा यो सम्भव हुँदैन। यसैकारण—

**दुहिता दुर्हिता दूरेहिता भवतीति।** —निरुक्त ३।४

कन्याको विवाह टाढा गर्दा हितकारी हुन्छ, नजिक गर्दा हुँदैन भन्ने कारणले नै कन्याको नाम **'दुहिता'** हो।

**सातौं**—नजिक विवाह गर्दा कन्याका पितृकुलमा दारिद्र्य पनि हुन सक्छ। किनभने जब जब ऊ पितृकुलमा आउँछे,तब तब केही न



केही दिनै पर्ने हुन्छ।

**आठौं**—केही आफन्त नजिक हुँदा एकअर्कालाई आ–आफ्नो पितृकुलका सहायताको घमण्ड हुन सक्छ र दुबैमा अलिकति पनि वैमनस्य हुँदा स्त्री तुरुन्तै पिताको कुलमा जानेगर्नेगर्छे। किनभने स्त्रीहरूको स्वभाव प्रायः तीक्ष्ण र मृदु हुन्छ। इत्यादि कारण ले गर्दा पिताको एउटै गोत्र आमाको ६ पुस्ता भित्र र नजिक ठाउँमा विवाह गर्नु राम्रो हुँदैन।

**महान्त्यपि समृद्धानि गोऽजाविधनधान्यतः।**
**स्त्रीसम्बन्धे दशैतानि कुलानि परिवर्जयेत्॥ १॥**

—मनुस्मृति ३।६

जतिसुकै धनधान्य, गाई, बाख्रा, हात्ती, घोडा, राज्य, श्री आदिले समृद्ध भए तापनि विवाह सम्बन्धमा तल लेखिएका दश कुललाई त्याग्नु पर्छ॥१॥

**हीनक्रियं निष्पुरुषं निश्छन्दो रोमशार्शसम्।**
**क्षय्यामयाव्यपस्मारिश्वित्रिकुष्ठिकुलानि च॥ २॥**

—मनुस्मृति ३।७

सत्कर्म नभएको, सत्पुरुषरहित, वेदाध्ययनबाट विमुख, शरीरमा लामा–लामा रौं भएको, अल्काइ, क्षय, दमा, खोकी, आउँको रोग, मृगि, श्वेतकुष्ठ र गलितकुष्ठ भएको कुलकी कन्या वा वरसँग विवाह हुनुहुन्न। किनभने यी सबै दुर्गुण र रोग विवाह गर्नेको कुलमा पनि सर्न सक्छन्। यसकारण उत्तम कुलका केटा र केटीको परस्पर विवाह हुनुपर्दछ॥ २॥

**नोद्वहेत् कपिलां कन्यां नाऽधिकाङ्गी न रोगिणीम्।**
**नालोमिकां नातिलोमां न वाचाटान् न पिङ्गलाम्॥ ३॥**

—मनुस्मृति ३।८

पहेंलो वर्णकी, अधिकाङ्गी अर्थात् पुरुषभन्दा अग्ली, मोटी, बल्लीई, रोगी, रौं नभएकी, धेरै रौं भएकी, धेरै बोल्ने र कैला आँखा भएकी कन्यासँग विवाह गर्नु उचित हुन्न।

**नर्क्षवृक्षनदीनाम्नीं नान्त्यपर्वतनामिकाम्।**
**न पक्ष्यहिप्रेष्यनाम्नीं न च भीषणनामिकाम्॥ ४॥**

—मनुस्मृति ३।९

ऋक्ष अर्थात् अश्विनी, भरणी, रेवती, चित्तारी आदि नक्षत्रको नाम भएकी, तुलसी, बेली गुलाफी, चमेली आदि वृक्षका नाम भएकी, गङ्गा,



PDFill PDF Editor with Free Writer and Tools

यमुना आदि नदीका नाम भएकी, चाण्डाली, आदि अन्त्य नाम भएकी, विन्ध्या, हिमालय, पार्वती आदि पर्वतको नाम भएकी, कोकिला, मैना आदि पंछीको नाम भएकी, नागी, भुजुङ्गा आदि सर्पको नाम भएकी, माधोदासी, मीरादासी आदि नोकरचाकरको जस्तो नाम भएकी र भीमकुमारी, चण्डिका,काली आदि डरलाग्दा नाम भएकी कन्यासँग विवाह गर्नु हुँदैन। किनभने यी नाम निन्दित र अरू पदार्थका पनि छन्॥ ४॥

**अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम्।**
**तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत् स्त्रियम्॥ ५॥**

—मनुस्मृति ३।१०

राम्रा र सलक्क परेका अङ्ग–प्रत्यङ्ग भएकी, यशोदा, सुखदा आदि जस्तै सुन्दर नाम भएकी, हाँस र हात्तीको जस्तो हिंडाइ भएकी, राम्रा, मसिना रौं, कपाल र दाँत भएकी र सर्वाङ्ग कोमल भएकी स्त्रीसँग विवाह गर्नुपर्छ॥ ५॥

**प्रश्न**—विवाह गर्ने समय र प्रकार कुनचाहिं ठीक होला?

**उत्तर**—सोह्रौं वर्षदेखि चौबिसौं वर्षसम्म कन्याको र पच्चिसौं वर्षदेखि अठचालिसौं वर्षसम्म पुरुषको विवाह समय उत्तम हो। यसमा सोह्रौं र पच्चिसौंमा हुने विवाह निकृष्ट, अठार–बीस वर्षकी स्त्री र तीस–पैंतीस वा चालीस वर्षको पुरुषको मध्यम र चौबीस वर्षकी स्त्री र अठचालीस वर्षका पुरुषको विवाह उत्तम हुन्छ। जुन देशमा यस्तै प्रकार श्रेष्ठ विवाह विधि र ब्रह्मचर्य विद्याभ्यास बढी हुन्छ त्यो देश सुखी हुन्छ र जुन देशमा ब्रह्मचर्य, विद्याग्रहणरहित बाल्यावस्थामा र अयोग्य विवाह हुन्छ त्यो देश दुःखमा डुब्दछ। किनभने ब्रह्मचर्य विद्या ग्रहणपूर्वक विवाह सुधारबाटै सबै सुधार हुन्छ र यस विपरीत भए सबैकुरा बिग्रिन्छन्।

**प्रश्न**— **अष्टवर्षा भवेद् गौरी नववर्षा च रोहिणी।**
**दशवर्षा भवेत् कन्या तत ऊर्ध्व रजस्वला॥ १॥**
**माता चैव पिता तस्य जेष्ठो भ्राता तथैव च।**
**त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम्॥ २॥**

यी श्लोक पराशरी (७।६, ८) र शीघ्रबोध (१।५४, ६५) मा लेखिएका छन्। यिनको अर्थ हो कन्याको नाम आठौं वर्ष गौरी, नवौं वर्ष रोहणी, दशौं वर्ष कन्या र त्यपछि रजस्वला हुन्छ॥ १॥ दशौंवर्षसम्म कन्याको विवाह नगरी रजस्वला कन्यालाई देख्ने उसका आमा, बाबु



र दाजु यी तिनै नरकमा जान्छन्॥ २॥

**उत्तर**— **ब्रह्मोवाचः**
**एकक्षणा भवेद्गौरी द्विक्षणेयन्तु रोहिणी।**
**त्रिक्षणा सा भवेत्कन्या ह्यत ऊर्ध्व रजस्वला॥ १॥**
**माता पिता तथा भ्राता मातुलो भगिनी।**
**स्वका सर्वे ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम्॥ २॥**

यो हालै निर्माण गरिएको ब्रह्मपुराणको वचन हो।

**अर्थ**—जति समयमा परमाणु एक पल्टा खान्छ, त्यति समयलाई क्षण भनिन्छ। कन्या जन्मेको पहिलो क्षणमा गौरी, दोस्रो क्षणमा रोहिणी, तेस्रोमा कन्या र चौथोमा रजस्वला हुन्छे॥ १॥ त्यस रजस्वलालाई देख्ता उसका आमा, बाबु दाजु–भाइ, दिदी–बहिनी, मामा आदि सबै नरक जान्छन्॥ २॥

**प्रश्न**—यी श्लोकहरू प्रमाण होइनन्।

**उत्तर**—प्रमाण किन होइनन्? यी ब्रह्माजीका श्लोक प्रमाण होइनन् भने तपाईंका पनि प्रमाण हुँदैनन्।

**प्रश्न**—वा! पराशर र काशीनाथलाई पनि प्रमाण मान्नुहुन्न?

**उत्तर**—अहा! के तपाई ब्रह्माजीको प्रमाण मान्नु हुन्न? के पराशर र काशीनाथ भन्दा ब्रह्मा ठूला होइनन्? तपाई ब्रह्माजीका श्लोकलाई प्रमाण मान्नु हुन्न भने हामी पनि पराशर र काशीनाथका श्लोकलाई मान्दैनौं।

**प्रश्न**—तपाईका श्लोक असम्भव हुनाले प्रमाण होइनन्। किनभने हजारौं क्षण जन्म समयमै बित्छन् अनि विवाह कसरी हुन सक्छ? फेरि त्यसबखत विवाह गरेर फल पनि केही देखिदैन।

**उत्तर**—हाम्रा श्लोक असम्भव छन् भने तपाईका पनि असम्भव छन्। किनभने आठ नौ अथवा दश वर्षमा पनि विवाह गर्नु निष्फल हुन्छ। सोह्रौं वर्ष पछि चौबीसौं वर्षसम्म विवाह हुँदा पुरुषको वीर्य परिपक्व, शरीर बलिष्ठ, स्त्रीको गर्भाशय पूर्ण र शरीर पनि बलशाली हुनाले सन्तान उत्तम हुन्छन्। उचित समय भन्दा कम उमेरका स्त्री–पुरुषलाई गर्भाधान गर्न सुश्रुतमा मुनिवर धन्वन्तिर निषेध गर्नुहुन्छ।

**ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतिम्।**
**यद्याधत्ते पुमान् गर्भ कुक्षिस्थःस विपद्यते॥ १॥**
**जातो वा न चिरञ्जीवेज्जीवेद्वा दुर्बलेन्द्रियः।**
**तस्मादत्यन्तबालायां गर्भाधनं न कारयेत्॥ २॥**

—सुश्रुत शारीरस्थान अ० १०। श्लोक ४७, ४८



PDFill PDF Editor with Free Writer and Tools

**अर्थ**—सोह्रवर्ष भन्दा कम आयुकी स्त्रीमा पच्चीस वर्ष भन्दा कम आयुका पुरुषले गर्भाधान गरेमा गर्भाशयमा रहेको गर्भ विपत्तिमा पर्छ अर्थात् पूरा समयसम्म गर्भाशयमा रहेर उत्पन्न हुँदैन ॥ १ ॥ अथवा उत्पन्न भैहाले पनि धेरै बाँच्दैन, बाँचिहाल्यो भनेपनि दुर्बलेन्द्रिय हुन्छ। यसकारण अति बाल्यावस्था भएकी स्त्रीमा गर्भ स्थापित गर्नुहुन्न ॥ २ ॥

यस्ता शास्त्रोक्त नियम र सृष्टिक्रम हेर्दा र विचार गर्दा सोह्रवर्ष भन्दा कम स्त्री र पच्चीसवर्ष भन्दा कम आयुका पुरुष कहिल्यै गर्भाधान गर्न योग्य हुँदैनन् भन्ने कुरा सिद्ध हुन्छ। यी नियम विपरीत गर्नेहरू दुःखभागी हुन्छन्।

जसरी आठौं वर्षकी कन्यामा सन्तानोत्पत्ति हुनु असम्भव छ त्यस्तै गौरी, रोहिणी नाम दिनु पनि उपयुक्त होइन। कन्या गोरी नभएर काली छे भने त्यसको नाम गौरी राख्नु व्यर्थ हुन्छ अनि गौरी महादेवकी स्त्री, रोहिणी वासुदेवकी स्त्री थिए, तिनलाई तपाई पौराणिकहरू मातृसमान मान्नुहुन्छ। जब कन्यामात्र गौरीको अथवा रोहिणीको भावना गर्नुहुन्छ भने तिनीहरूसँग विवाह गर्न कसरी संभव र धर्मयुक्त हुन सक्छ? यसकारण तपाईका र हाम्रा दुई दुई श्लोक मिथ्या नै हुन्। किनभने जसरी हामीले '**ब्रह्मोवाच**' गरेर श्लोक बनायौं त्यस्तै ती पनि पराशर आदिका नामबाट बनाइएका हुन्। यसकारण यी सबै प्रमाणलाई त्यागेर वेद प्रमाणबाट सबै काम गर्ने गर्नुपर्छ। मनुस्मृतिमा—

**त्रीणि वर्षाण्युदीक्षेत कुमार्यु तुमती सती।**
**ऊर्ध्वं तु कालादेतस्माद्विन्देत सदृशं पतिम्॥**

—मनुस्मृति ९।९०

कन्या रजस्वला भएपछि तीन वर्षसम्म पतिको खोज गरेर आफ्नो योग्य पति प्राप्त गरोस्। प्रतिमास रजोदर्शन हुने हुनाले तीन वर्षमा छत्तीस पटक रजस्वला भए पछि विवाह गर्नु उचित हुन्छ, यस अघि हुँदैन।

**काममामरणात्तिष्ठेद् गृहे कन्यर्तुमत्यपि।**
**न चैवैनां प्रयच्छेत्तु गुणहीनाय कर्हिचित्॥**

—मनुस्मृति ९।८९

बरू कन्या वा पुरुष नमरुन्जेल कुमारै किन नरहून्, तर असदृश अर्थात् एक अर्का विरुद्ध गुण, कर्म, स्वभाव भएकासँग कहिल्यै विवाह हुनु हुँदैन। यसबाट पूर्वोक्त समय अघि र असदृशको विवाह हुनु ठीक हुँदैन।



**प्रश्न**—विवाह आमा–बाबुका अधीन हुनु पर्छ अथवा वर बधूका अधीन हुनु पर्छ?

**उत्तर**—विवाह बर–बधूके अधीन हुनु उत्तम हो। आमा बाबुले विवाह गरिदिने विचार गरे पनि केटा केटीका प्रसन्नता न भई हुनहुन्न। किनभने एकअर्काका प्रसन्नताले विवाह हुँदा विरोध कम हुन्छ र सन्तान उत्तम हुन्छन्। अप्रसन्नतामा विवाह भए नित्य क्लेश रहन्छ। विवाहमा मुख्य प्रयोजन वर– कन्याको हुन्छ, आमा बाबुको होइन। त्यसैले परस्पर प्रसन्नता भए उनैलाई सुख र परस्पर विरोध भए उनैलाई दुःख हुन्छ। अनि—

**सन्तुष्टो भार्यमा भर्त्ता भर्त्रा भार्य्या तथैव च।**
**यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्॥**

—मनुस्मृति ३।६०

जुन कुलमा स्त्रीबाट र पुरुषबाट स्त्री सदा प्रसन्न रहन्छन्, त्यस कुलमा आनन्द, लक्ष्मी र कीर्ति निवास गर्दछन् र जहाँ विरोध, कलह हुन्छ त्यहाँ दुःख दरिद्रता र कलह रहन्छन्।

यसैले जुन स्वयंवरको परम्परा आर्यवर्त्तमा चलिआएको छ, त्यही विवाह उत्तम हो। स्त्री–पुरुषले विवाह गर्न चाहेमा उनीहरूका विद्या, विनय, शील, रूप, आयु, बल, कुल र शरीरका परिमाण यथायोग्य हुनु पर्छ। यी कुराको मेल नभएसम्म विवाहमा कुनै पनि सुख हुँदैन। साथै बाल्यावस्थामा विवाह गरेर पनि सुख हुँदैन।

**युवा सुवासाः परिवीत आगात्स उ श्रेयान्भवति जायमानः।**
**तं धीरासः कवय उन्नयन्ति स्वाध्यो३ मनसा देवयन्तः॥ १ ॥**

—ऋ० मं० ३। सू० ८। मं० ४

**आ धेनवो धुनयन्तामशिश्वीः सबर्दुघाः शशया अप्रदुग्धाः।**
**नव्यानव्या युवतयो भवन्तीर्महद्देवानामसुरत्वमेकम्॥ २ ॥**

—ऋ० मं० ३। सू० ५५। मं० १६

**पूर्वीरहं शरदः शश्रमाणा दोषावस्तोरुषसो जरयन्तीः।**
**मिनाति श्रियं जरिमा तनूनामप्यू नु पत्नीर्वृषणो जगम्युः॥ ३ ॥**

—ऋ० मं० १। सू० १७९। मं० १

जुन पुरुष ( **परिवीतः** ) सबै प्रकारले, यज्ञोपवीत, ब्रह्मचर्यसेवनद्वारा उत्तम शिक्षा र विद्यायुक्त, ( **सुवासाः** ) सुन्दर वस्त्रधारण गरेको, ब्रह्मचर्ययुक्त ( **युवा** ) पूर्ण युवा भई विद्याग्रहण गरेर गृहाश्रममा ( **आगत्** ) आँउछ, ( **स उ.** ) उही दोस्रो विद्याजन्ममा ( **जायमानः** ) प्रसिद्ध भएर



PDFill PDF Editor with Free Writer and Tools

**( श्रेयान् )** अतिशय शोभायुक्त मङ्गलकारी **( भवति )** हुन्छ। **( स्वाध्यः )** राम्रो ध्यानयुक्त **( मनसा )** विज्ञानबाट **( देवयन्तः )** विद्यावृद्धिको कामना–युक्त, **( धीरासः )** धैर्ययुक्त **( कवयः )** विद्वान्हरू **( तं )** उसै पुरुषलाई **( उन्नयन्ति )** उन्नतिशील गरेर प्रतिष्ठित बनाउँछन्। अनि ब्रह्मचर्यधारण, विद्या, उत्तमशिक्षा ग्रहण नगरी अथवा बाल्यावस्थामा विवाह गर्ने स्त्री–पुरुष नष्ट भ्रष्ट भई विद्वान्हरूमा प्रतिष्ठा प्राप्त गर्न सक्तैनन्॥ १ ॥

**( अप्रदुग्धाः )** कसैले न दुहेका, **( धेनवः )** गाईजस्तै **( अशिश्वीः )** बाल्यावस्थारहित **( सुबर्दुघाः )** सबै प्रकारका उत्तमकर्मलाई पूर्ण गर्ने, **( शशयाः )** कुमारअवस्थालाई उल्लंघन गर्ने, **( नव्यानव्याः )** नयाँ नयाँ शिक्षा र अवस्थाले पूर्ण **( भवन्तीः )** भएकी **( युवतयः )** पूर्ण युवावस्थामा रहेका स्त्रीहरू **( देवानाम् )** ब्रह्मचर्य र सुनियमले परिपूर्ण विद्वाहरूको **( एकम् )** अद्वितीय, **( महत् )** ठूलो **( असुरत्वम् )** प्रज्ञा शास्त्रशिक्षायुक्त, प्रज्ञामा रमण गरेर फलितार्थ प्राप्त गर्दै तरुण पतिलाई प्राप्त गरेर **( आ धुनयनताम् )** गर्भ धारण गरून्। बाल्यवस्थामा कहिल्यै झुक्किएर मनबाट पनि पुरुषतर्फ ध्यान नगरून्। किनभने यही कर्म यसलोक र परलोकमा सुखहुने साधन हो। बाल्यावस्थामा विवाह गर्दा जति पुरुषलाई हानि हुन्छ त्यो भन्दा बढी हानि स्त्रीलाई हुन्छ॥ २ ॥

जसरी **( नु )** छिट्टै **( शश्रमाणाः )** धेरै परिश्रम गर्ने **( वृषणः )** विर्य सिंचन गर्न समर्थ पूर्ण युवावस्थायुक्त पुरुष **( पत्नीः )** युवावस्थामा रहेकी प्रिया स्त्रीलाई **( जगम्युः )** पाएर पूर्ण शयवर्ष वा सो भन्दा पनि बढी आयु तथा आनन्द भोग गर्छन् र पुत्र–पौत्र आदिले भरिभराउ भई रहन्छन्, त्यस्तो व्यवहार स्त्रीपुरुषले सधैं गर्ने गर्नु पर्छ। जसरी **( पूर्वीः )** पहिले भएका **( शरदः )** शरद् ऋतुहरू र **( जरयन्तीः )** वृद्धावस्था प्राप्त गराउने **( उषसः )** प्रातः कालका वेलालाई **( दोषाः )** रात्री र **( वस्तो )** दिन **( तनूनाम् )** शरीरका **( श्रियम् )** शोभालाई **( जरिमा )** अत्यन्त वृद्धआवस्था बल र शोभालाई **( मिनाति )** हटाइदिन्छ, त्यस्तै **( अहम् )** म स्त्री वा पुरुष **( उ )** राम्ररी **( अपि )** निश्चयपूर्वक ब्रह्मचर्य द्वारा विद्या, शिक्षा, शरीर र आत्मा बल र युवावस्थालाई प्राप्त गरेर मात्र विवाह गरूँने। यसको विरुद्ध गर्नु वेदविरुद्ध हुनाले सुखदायक विवाह कहिल्यै हुँदैन॥ ३ ॥

जब सम्म यस्तै किसिमले ऋषि–मुनि, राजा –महाराजा र आर्य्यजन



PDFill PDF Editor with Free Writer and Tools

ब्रह्मचर्यपूर्वक विद्या पढिसकेपछि मात्र स्वयंवर विवाह गर्ने गर्दथे, तब सम्म यस देशको सधैं उन्नति हुँदै आएको थियो। जबदेखि ब्रह्मचर्यपूर्वक विद्या पढ्न छोडेर पराधीन अर्थात् आमाबाबुका अधीन विवाह हुन थाल्यो, तबदेखि क्रमशः आर्य्यावर्त्त देशको हानि हुँदै आउन थाल्यो। यसकारण यस दुष्ट कामलाई छोडेर सज्जनहरूले पूर्वोक्त प्रकारले स्वयंवर विवाह गर्ने गर्नु पर्छ। त्यो विवाह वर्ण अनुकूलता अनुसार गर्नु पर्छ र वर्णव्यवस्था पनि गुण, कर्म, स्वाभाव अनुसार हुनु पर्दछ।

**प्रश्न**—के आमा बावु ब्राह्मणी र ब्राह्मण हुनेका सन्तान ब्राह्मण नै हुन्छन्? अनि अन्यवर्णका आमाबावुका सन्तान पनि के कुनै वेला ब्राह्मण हुन सक्छन्?

**उत्तर**—हँ अवश्य हुन्छन्, धेरै भई सकेका छन् र भविष्यमा भई, पनि हुन सक्तछन् जस्तै छन्दोग्य उपनिषद्मा जाबाल ऋषि अज्ञातकुल, महाभारत विश्वामित्र क्षत्रियवर्ण र मातङ्ग ऋषि चाण्डाकुलबाट ब्राह्मण भएका थिए। अहिले पनि उत्तम विद्या स्वभाव भएको व्यक्ति ब्राह्मणयोग्य र मूर्ख चाहिं शूद्रयोग्य हुन्छ र पछि पनि यस्तै भइरहने छ।

**प्रश्न**—रज वीर्यको संयोगले बनेको शरीर बदलिएर अर्को वर्णको योग्य कसरी हुन सक्छ?

**स्वाध्यायेन जपैर्होमैस्त्रैविद्येनेज्यया सुतैः।**
**महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः॥**

—मनुस्मृति २।२८

यसको अर्थ पहिलेनै गरिसकिएको छ। अब यहाँ पनि संक्षेपमा लेखिन्छ—**( स्वाध्यायेन )** पढ्ने–पढाउने, **( जपैः )** विचार गर्ने गराउने, **( होमैः )** नानाथरि होमको अनुष्ठान, **( त्रैविद्येन )** सम्पूर्ण वेदका शब्द अर्थ सम्बन्ध स्वरोच्चारण सहित पढ्ने–पढाउने, **( इज्यया )** पौर्णमासी, इष्टि आदि गर्ने, पूर्वोक्त विधिपूर्वक **( सुतैः )** धर्माचरणले सन्तानोत्पत्ति, **( महायज्ञैश्च )** पूर्वोक्तब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, वैश्यदेवयज्ञ र अथितियज्ञ, **( यज्ञैश्च )** अग्निष्टोमा आदि यज्ञ, विद्वान्हरू संग संगति र सत्कार, सत्यभाषण, परोपकार आदि सत्कर्म र सम्पूर्ण शिल्पविद्या आदि पढेर दुष्ट आचरण त्यागेर श्रेष्ठ आचरण र व्यवहार गर्ने गर्दा **( इयम )** यस **( तनुः )** शरीरलाई **( ब्राह्मी )** ब्राह्मण शरीर **( क्रियते )** बनाइन्छ। के यस श्लोकलाई तपाई मान्नुहुन्न?

**उत्तर**—मान्दछु।

**प्रश्न**—अनि किन रजवीर्यका संयोगबाट वर्ण व्यवस्था मान्नुहुन्छ

त ? म एउटालेमात्र मानेको होइन्, धेरैजना परम्पराले यस्तै मान्दछन्। के तपाई परम्परा पनि खण्डन गर्नु हुन्छ ?

**उत्तर**—होइन, तर तपाईको उल्टो समझलाई नमानेर खण्डन पनि गर्छु।

**प्रश्न**—हाम्रो समझ उल्टो र तपाईको सुल्टो हो भन्ने कुराको के प्रमाण छ ?

**उत्तर**—प्रमाण यही हो कि तपाई पाँच सात पुस्ताका व्यवहारलाई सनातन मान्नु हुन्छ र हामी वेद तथा सृष्टि आरम्भ देखि आजसम्मको परम्परालाई मान्दछौं। हेर्नुहोस्, श्रेष्ठ पिताको दुष्ट पुत्र, श्रेष्ट पुत्रको दुष्ट पिता तथा कतै दुवै श्रेष्ठ वा दुवै दुष्ट पनि देखिन्छन्। यसै कारण तपाई भ्रममा पर्नु भएको छ। हेर्नुहोस्, मनु महाराजले के भन्नु भएको छ—

**येनास्य पितरो याताः येन याता पितामहाः।**
**तेन ययात् सतां मार्गं तेन गच्छन्न रिष्यते॥**

—मनुस्मृति ४।१७८

जुन मार्गमा जसका बाबु बाजे हिंडेका थिए, त्यसै मार्गमा उनका सन्तानले पनि हिंड्नु पर्छ। तर **'सताम्'**=बाबु–बाजे सत्पुरुष भएमात्र उनका मार्गमा हिंड्नु पर्छ। बाबु–बाजे दुष्ट भए उनका मार्गमा कहिल्यै हिंड्नु हुँदैन। किनभने उत्तम धर्मात्मा पुरुषहरूका मार्गमा हिंड्नाले दुःख कहिल्यै हुँदैन। यस कुरालाई तपाई मान्नुहुन्छ अथवा मान्नुहुन्न ? मान्दछु। अनि हेर्नुहोस्, परमेश्वरद्वारा प्रकाशित वेदोक्त कुरा नै सनातन हुन् र यस विरुद्धका कुरा कहिल्यै सनातन हुन सक्तैनन्। यसो सबैले मान्नु पर्छ वा पर्दैन ? अवश्य मान्नुपर्छ। यो कुरा नमान्नेसँगको सोध्नु पर्छ भने कसैका पिता दरिद्र र उसका पुत्र धनाढ्य भएमा के आफ्नो पिताको दरिद्र अवस्थाको घमण्डले उसले आफ्नो धन फालिदियोस् ? कसैको बाबु अन्धो छ भनेके उसको छोराले पनि आफ्ना आँखा फुटाओस् ? कसैको पिता कुकर्मी छ भने के उसको छोराले पनि कुकर्म गर्ने नै हुनुपर्छ ? होइन–होइन, जुन व्यक्तिका जे जति उत्तम कर्म हुन्छन् सबैले तिनको सेवन र दुष्टकर्म त्याग गर्नु नै उचित हुन्छ।

रजवीर्य्यका संयोगबाट वर्णाश्रम व्यवस्था मान्ने र गुण कर्मबाट नमान्नेसँग सोध्नुपर्छ—कोही आफ्नो वर्ण छोडेर नीच, अन्त्यज अथवा ईसाई, मुसलमान हुन पुगेका भए, त्यसलाई पनि ब्राह्मण किन मान्दैनौं ? यहाँ यही भनिने छ कि उसले ब्राह्मणको कर्म छोडिदिएको हुनाले त्यो ब्राह्मण होइन। यसबाट उत्तम कर्म गर्ने ब्राह्मण आदिलाई नै ब्राह्मण



आदि वर्णमा र उत्तम वर्णका गुण कर्म स्वभाव भएको नीच पनि उत्तम वर्णमा साथै उत्तम वर्णको भएर नीच काम गर्ने पनि नीच वर्णमै गनिनु पर्छ भन्ने कुरा सिद्ध हुन्छ।

**प्रश्न— ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।**
**ऊरू तदस्य यद्वैश्यः पद्भ्याꣳ शूद्रो अजायत॥**

यो यजुर्वेदको ३१ सौं अध्यायको ११ औं मन्त्र हो। यसको अर्थ यो हो–ब्राह्मण ईश्वरका मुखबाट, क्षत्रिय बाहुबाट, वैश्य ऊरू अर्थात् तिघ्राबाट र शूद्र पाउबाट उत्पन्न भएका हुन्। यसकारण जसरी मुखबाहु हुन सक्तैन र बाहु आदि मुख बन्न सक्तैनन्, त्यसैगरी ब्राह्मण क्षत्रिय आदि र क्षत्रिय आदि ब्राह्मण हुन सक्तैनन्।

**उत्तर**—यस मन्त्रको तपाईले गर्नुभएको अर्थ ठीक छैन। किनभने यहाँ पुरुष अर्थात् निराकार व्यापक परमात्माको अनुवृत्ति छ। परमात्मा निराकार हुनाले उसका मुख आदि अङ्ग हुनै सक्तैनन्। मुख आदि अङ्ग भएको भए ऊ पुरुष अर्थात् व्यापक होइन। अनि व्यापक नभए ऊ सर्वशक्तिमान्, जगत्का स्रष्टा, धर्त्ता, प्रलयकर्ता, जीवहरूका पाप–पुण्यको व्यवस्था गर्ने, सर्वज्ञ, अजन्मा, मृत्युरहित आदि विशेषणयुक्त हुनै सक्तैन। यसकारण यस मन्त्रको सही अर्थ यो हो—

यो **( अस्य )** पूर्ण व्यापक परमात्माको सृष्टिमा **( मुखम् )** मुखजस्तै सबैमा मुख्य र उत्तम हुन्छ त्यो **( ब्राह्मणः )** 'ब्राह्मण', **( बाहू )** **'बाहुर्वै बलम्, बाहुर्वै वीर्यम्'** (शतपथ ब्राह्मण) तु० ६।२।३।३३.१३।१।१५।५, ५।३।१७॥ बल, वीर्यलाई बाहु भनिन्छ, त्यो बल वीर्य जसमा बढी हुन्छ त्यो (राजन्यः) 'क्षत्रिय', (ऊरू) कमरभन्दा तल्लो र घुडाभन्दा माथिल्लो भागको नाम 'ऊरू' अर्थात् तिघ्रो हो, सबै पदार्थ र ठाउँमा जसका बलले आउने, जाने, प्रवेश गर्ने आदि गर्न सकिन्छ त्यो **( वैश्यः )** 'वैश्य' र **( पद्भ्याम् )** पाउ अर्थात् सबैभन्दा तल्लो अङ्ग जस्तै मूर्खता आदि गुण भएको भए 'शूद्र' हुन्छ। अन्यत्र **'शतपथ ब्राह्मण'** आदिमा पनि यस मन्त्रको यस्तै अर्थ गरिएको छ। जस्तै—

**'यस्मादेते मुख्यास्तस्मान्मुखतो ह्यसृज्यन्त।'** इत्यादि।

तु० श० ब्रा० ६।१।१।१०, तै० सं० ७।१।१।४॥

यी मुख्य हुनाले मुखबाट उत्पन्न भएका भन्ने कथन युक्तियुक्त हुन्छ। अर्थात् जसरी मुख सबै अङ्गमा श्रेष्ठ हुन्छ, त्यस्तै पूर्ण विद्या र उत्तम गुण कर्म स्वभावयुक्त हुनाले मनुष्य जातिमा उत्तम **'ब्राह्मण'** भनिन्छ। परमेश्वर निराकार हुनाले उसका मुख आदि अङ्ग छैनन्



PDFill PDF Editor with Free Writer and Tools